# नेपाल राष्ट्र बैंक
## विराटनगर कार्यालय
## मौजुदा सूचीमा दर्ता गराउने बारेको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०३/११)**

यस कार्यालयको लागि आगामी आर्थिक वर्ष **२०८२/८३** मा आवश्यक पर्ने तपसिल बमोजिमका सामान तथा सेवाहरु आपूर्ति गर्ने प्रयोजनका लागि सम्बन्धित विषयको व्यापार, व्यवसाय वा कारोवार गर्न इच्छुक ईजाजत प्राप्त रजिष्टर्ड फर्म तथा कम्पनीहरुले आवेदन फाराममा उल्लेखित योग्यता सहितका कागजातहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५औं दिन (सो दिन सार्वजनिक विदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) भित्र यस कार्यालयको मौजुदा सूची (Standing List) मा सूचीकृत हुन नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संशोधन सहित) को विनियम १८ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

आवेदन फाराम तथा मौजुदा सूचीसँग आवश्यक अन्य विवरणहरु बैंकको Website: www.nrb.org.np मा राखिएको छ । साथै, उक्त कागजात यस कार्यालयको खरिद इकाईबाट समेत प्राप्त गर्न सकिनेछ । आवेदन पेश गर्दा आवेदन फाराममा उल्लेखित विवरणहरु भरी सहीछाप गरी आवश्यक कागजातहरु पेश गर्नुपर्नेछ । साथै, यस कार्यालयको इमेल ठेगाना kharidbrt@nrb.org.np मा समेत पठाउन सकिनेछ । आवेदन फाराममा उल्लेखित विवरण तथा योग्यताका कागजातहरु पेश नभएमा वा तोकिएको योग्यता नपुगेका आवेदनकर्तालाई मौजुदा सूचीमा समावेश गरिनछैन । अन्य आवश्यक कुराहरु बुझ्नु परेमा यस कार्यालयको खरिद इकाई (फोन नं.०२१-४४२७७२, एक्सटेन्सनः ११५) मा सम्पर्क राख्न सकिने छ ।

### तपसिल

| | | | |
|---|---|---|---|
| | **क. खरिद तथा आपूर्तितर्फ** | | |
| १. | स्टेशनरी तथा फुटकर सामान | ११. | विद्युतीय सामग्री |
| २. | छपाई सम्बन्धी काम | १२. | सुरक्षा सामग्री |
| ३. | अन्य मसलन्द तथा फुटकर सामानहरु | १३. | औषधि तथा मेडिकल उपकरण |
| ४. | पत्रपत्रिका तथा पुस्तकहरु | १४. | इलेक्ट्रोनिक्स उपकरण (कम्प्युटर, प्रिन्टर, फाटोकपी मेशिन, यु.पि.एस.,फ्याक्स, टि.भी., एयर कन्डिसनर लगायत आदि) |
| ५. | फर्निचर सम्वन्धी सामानहरु | | |
| ६. | पर्दा, कार्पेट, डोरम्याट आदि | | |
| ७. | हार्डवेयर तथा फिटिङ्ग | १५. | फायर इस्टिङ्गगुइसर (रिफिलिङ्ग समेत) |
| ८. | सवारी साधनको पार्टपुर्जा तथा लुव्रिकेन्ट्स | १६. | भान्साका भाँडाकुँडा लगायतका सामग्री (Kitchen Items) |
| ९. | मेशिनरी सामानहरु | १७. | खानेपानी (जार/वोतल) |
| १०. | भवन निर्माण तथा रङ्गरोगन | | |
| | **ख. मर्मत तथा सम्भार सेवा तर्फ** | | |
| १. | इलेक्ट्रोनिक्स उपकरण (कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन, यु.पि.एस., फ्याक्स आदि) मर्मत सेवा | ६. | विद्युतीय उपकरण (एयरकण्डिसनर, जेनेरटर आदि) मर्मत सेवा |
| २. | फर्निचर मर्मत सेवा | ७. | सि.सि.टि.भि. मर्मत सम्भार सेवा |
| ३. | सवारी साधन मर्मत सेवा | ८. | कम्प्युटर नेटवर्किङ्ग सेवा |
| ४. | भवन मर्मत तथा सम्भार, रंगरोगन सेवा | ९. | इलेक्ट्रिकल उपकरण (पानी तान्ने पम्प, हिटर, |
| ५. | टेलिफोन मर्मत सेवा | १०. | अन्य मर्मत सम्भार सेवा |
| | **ग. परामर्श सेवा** | | |
| १. | इन्जिनियरिङ्ग सेवा | | |

| घ. अन्य सेवा | | | |
|---|---|---|---|
| १. | कुरियर सेवा | ८. | ग्रील वर्क्स |
| २. | ढुवानी सेवा | ९. | इन्टरनेट/केवल सेवा |
| ३. | छपाई सेवा | १०. | सवारी साधन बहालमा उपलब्ध गराउने सेवा |
| ४. | विज्ञापन एजेन्सी सेवा | ११. | प्लम्बिङ्ग सेवा |
| ५. | कपडा धुलाई (लण्ड्री) सेवा | १२. | बगैंचा व्यवस्थापन सम्बन्धि सेवा |
| ६. | होटल सेवा | १३. | सरसफाई सम्बन्धी सेवा |
| ७. | क्याटरिङ्ग/टेन्ट तथा इभेन्ट मेनेजमेन्ट सेवा | १४. | Sewerage तथा Sanitary सेवा |

नेपाल राष्ट्र बैंक
विराटनगर कार्यालय
फोन नं. ०२१-४४२७७२ (एक्सटेन्सनः ११५)

मितिः २०८२/०३/११

अनुसूची-५क
(विनियम १८ को उप विनियम ४ सँग सम्बन्धित)
नेपाल राष्ट्र बैंक
विराटनगर कार्यालय

श्रीमान् निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक
विराटनगर कार्यालय

मिति: २०८२/०३/

**विषय : मौजुदा सूचीमा दर्ता गरी पाउँ।**

नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संशोधन समेत) को विनियम १८ को उपविनियम (४) बमोजिम तपशिलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु।

| | |
|---|---|
| तपशिल : १. मौजुदा सूचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरण : | |
| (क) नाम : | (ख) ठेगाना : |
| (ग) पत्राचार गर्ने ठेगाना : | (घ) मुख्य व्यक्तिको नाम : |
| (ङ) टेलिफोन नं. : | (च) मोवाईल नं. : |
| २. **मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुपर्ने।**<br>**(क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र।**<br>**(ख) नविकरण गरिएको।**<br>**(ग) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्वर दर्ताको प्रमाणपत्र।**<br>**(घ) कर चुक्ताको प्रमाणपत्र।**<br>(ङ) कुन खरिदको लागि मौजुदा सूचीमा दार्ता हुन निवेदन दिने हो, सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि। | |
| ३. विभाग/कार्यालयबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरण : | |
| (क) मालसामान आपूर्ति : (मालसामानको प्रकृति समेत उल्लेख गर्ने) | (ख) निर्माण कार्य : |
| ग) परामर्श सेवा : (परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने) | (घ) अन्य सेवा : (अन्य सेवाको प्रकृति उल्लेख गर्ने) |

| | | |
|---|---|---|
| निवेदन दिएको मिति : २०८२/०३/<br>आ.व. : **२०८२/८३** | फर्मको छाप : | निवेदकको नाम :<br><br>हस्ताक्षर : |

# मौजुदा सूचीमा दर्ता हुनका लागि आवश्यक योग्यताहरु

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (२) तथा नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संशोधन सहित) को विनियम १८ को उपविनियम (४) अनुरुप आपुर्तिकर्ता/सेवा प्रदायकहरुलाई देहाय बमोजिम योग्यता तोकिएकोले आवश्यक कागजातहरुको प्रतिलिपी सहित निवेदन पेश गर्नुपनेछ।

क. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको आवधिक रुपमा नविकरण भएको कागजात।

ख. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको कागजातको प्रतिलिपि (मू.अ.करमा दर्ता हुनुपर्नेको हकमा मात्र)।

ग. आ.व.२०८०/८१ को कर चुक्ता गरेको कागजातको प्रतिलिपि (आ.व.२०८१/८२ मा स्थापित/दर्ता भएका संस्था/फर्म/कम्पनीको हकमा लागु नहुने।

घ. दिइएको कारोवार गर्न प्रचलित कानूनमा कुनै निकायको अनुमति/इजाजत लिनुपर्ने उल्लेख भएको हकमा सो अनुमति तथा आवश्यकता बमोजिम नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि।

ङ. फर्म/कम्पनी कुनै सामग्रीको आधिकारिक वितरक भएमा सो जनाउने आधिकारिक कागजात।

च. सम्बन्धित क्षेत्रमा काम गरेको अनुभवको प्रमाणपत्र।

छ. तत्काल आपूर्ति गर्न सक्ने गरी सामान/उपकरणको उपलब्धता हुने व्यहोराको स्वघोषणा।

ज. विक्री पछिको सेवाको व्यवस्था सुनिश्चित भएको कागजात।

झ. पेशागत कसुर गरे वापत सजाय नपाएको स्वघोषणा पत्र।

ञ. नेपाली नागरिकताको प्रतिलिपी।

ट. सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणा पत्र।

ठ. कार्यालयलाई आवश्यक पर्दा सहजै सम्पर्क गर्न मिल्ने गरी फर्म/संस्था/कम्पनीको स्पष्ट ठेगाना, फोन नं., मोबाइल नम्बर, ईमेल, वेबसाईट आदि खुलाई पेश गरेको हुनुपर्ने।

ड. परामर्श सेवाको हकमा तोकिए बमोजिमको जनशक्ति परिचालन गर्न सक्ने प्रतिबद्धता सहितको कागजातहरु।

मितिः २०८२/ /

श्रीमान् निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक
विराटनगर कार्यालय ।

**विषयः स्वघोषणा सम्बन्धमा ।**

महोदय,

त्यस बैंकको मिति २०८२/०३/११ को सूचना अनुसार आ.व.२०८२/८३ का लागि आवश्यक पर्ने सामान र सेवा आपूर्ति गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (२) तथा नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संसोधन सहित) को विनियम १८ बमोजिम सेवा प्रदान गर्न आपूर्तिकर्ताको सूची (Standing List) मा सूचीकृत हुन देहाय बमोजिम स्वघोषणा सहित प्रतिबद्धता समेत जाहेर गर्दछु ।

१. *त्यस बैंकका लागि तत्काल आपूर्ति गर्न सक्ने सामान/उपकरणको आवश्यक परेमा तत्काल उपलब्ध गराउने प्रतिबद्धता गर्दछु ।*
२. *बिक्री पछिको सेवाको व्यवस्था र बिल भर्पाई समयमा बुझाउने छु ।*
३. *म/म संलग्न फर्म वा कम्पनी पेशागत कार्यका सिलसिलामा कसुरजन्य कामकाज गरी/गरे वापत सजाय नपाएको घोषणा गर्दछु ।*
४. *म/म संलग्न फर्म वा कम्पनी सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको घोषणा गर्दछु ।*
५. *म/म संलग्न फर्म वा कम्पनीबाट गरेका कार्यहरु गलत वा झुटा ठहरिए कानून बमोजिम सहुँला/बुझाँउला ।*

निवेदक

प्रोपाइटरको नामः
हस्ताक्षरः

कम्पनीको छाप